अर्जुनधारा नगरपालिका

# नगर कार्यपालिकाको बैठक

**बैठक संख्याः** ०५/०७९/०८०    **मितिः**२०७९/०५/२४

**अध्यक्षताः** कार्यवाहक नगर प्रमुख श्री खड्गमाया पराजुली

**उपस्थितिः**

| | | |
|---|---|---|
| कार्यवाहक नगर प्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङनाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरीया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री गीताकुमारी राई | उपस्थित |

**आमन्त्रित**

| | | |
|---|---|---|
| अधिकृत, योजना शाखा | श्री हिमराज सेडाई | उपस्थित |
| अधिकृत, प्रशासन शाखा | श्री चुडामणी निरौला | उपस्थित |
| सहायक, प्रशासन शाखा | श्री सौजन कटुवाल | उपस्थित |

मिति २०७९/०५/२४ गते बसेको अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको बैठकबाट निम्न बमोजिम निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

१. <u>क्रशरहरुको मापदण्ड सम्बन्धमा ।</u>

नेपाल सरकारबाट स्वीकृत **ढुङ्गा, गिटी, बालुवा उत्खनन विक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७** को दफा ११ को उपदफा (१) मा क्रशर उद्योगहरु सञ्चलान गर्दा पालना गर्नुपर्ने दूरी सम्बन्धि मापदण्ड तोकिएको छ ।यस अर्जुनधारा नगरपालिकामा समेत विभिन्न क्रशर उद्योग तथा बालुवा प्रशोधन उद्योगहरु सञ्चालनमा रहेकामा त्यस्ता उद्योगहरुले दूरी सम्बन्धि तोकिएको मापदण्ड पालना नगरेको सन्दर्भमा जिल्ला समन्वय समितिमा मिति २०७९/०५/२३ गते बसेको जिल्लास्तरीय अनुगमन समितिको बैठकले मापदण्डको पालना गर्न जानकारी गराउने निर्णय भए बमोजिम यस अर्जुनधारा नगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका क्रशरहरुलाई ३ महिना भित्र तोकिए बमोजिमको मापदण्डको पालना गरी सञ्चालन गर्न जानकारी गराउने निर्णय गरियो ।साथै, यस अर्जुनधारा नगरपालिका क्षेत्र भित्र ढुङ्गा गिटी बालुवा लगायतका नदीजन्य पदार्थको स्टक गरी राख्ने व्यक्ति तथा व्यवसायीले नदी तथा खोला किनारबाट कम्तिमा ५०० मिटर क्षेत्र भन्दा बाहिर मात्र स्टक गरी राख्नका लागि सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

२. <u>सेवा करारमा कार्यरत जनशक्तिको अध्ययन सम्बन्धमा ।</u>

यस अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका निकायहरुमा हाल सेवा करारमा कार्यरत जनशक्तिहरुको कार्यविवरण, स्वीकृत दरबन्दी तथा संगठन संरचना, संख्या एवं कार्यालयको आवश्यकताका सम्बन्धमा अध्ययन गर्नु आवश्यक भएकाले **स्थानीय सरकार सञ्चालन ऐन,२०७४** को दफा १४ को उपदफा (१) बमोजिम निम्न बमोजिमको एक अध्ययन समिति गठन गरी २०७९ आश्विन मसान्त भित्र राय सहितको प्रतिवेदन कार्यपालिकामा पेश गर्न जिम्मेवारी दिने निर्णय गरियो ।

| | |
|---|---|
| उप प्रमुख श्री खड्गमाया पराजुली | संयोजक |
| वडा अध्यक्ष वडा नं ६ श्री हरिश्चन्द्र बास्तोला | सदस्य |
| वडा अध्यक्ष वडा नं ८ श्री कुमार प्रसाद उप्रेती | सदस्य |
| कार्यपालिका सदस्य श्री नरेन्द्रबहादुर राई | सदस्य |
| कार्यपालिका सदस्य श्री गौरिमाया चिमरिया | सदस्य |

**३. हलुवागढ पर्यापर्यटन क्षेत्रको लागत सहभागितका सम्बन्धमा ।**

नेपाल सरकार, सँस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रम अन्तर्गत अर्जुनधारा नगरपालिका वडा नं १ मा हलुवागढ सामुदायिक वन उपभोक्ता समूह अन्तर्गत रहेको हलुवागढ पर्यापर्यटन क्षेत्रमा आयोजना प्रस्ताव गरी पठाइएको र सोही बमोजिम आयोजना स्वीकृत भई हाल कार्यान्वयनमा रहेको । उक्त आयोजना प्रस्ताव गर्नुपूर्व स्थानीय तहको तर्फबाट व्यहोर्नुपर्ने ३५ प्रतिशत लागत साझेदारीको रकम सम्बन्धित वन उपभोक्ता समूहले व्यहोर्ने भनी

प्रतिबद्धता प्राप्त भएकोमा उक्त सामुदायिक वन उपभोक्ता समूहमा विविध समस्या उत्पन्न भई लागत साझेदारी बमोजिमको रकम प्राप्त नभएको सम्बन्धमा आयोजनाको कार्यप्रगति, हालको स्थिति एवं समूहको वित्तीय स्थिति समेतको अध्ययन गरी स्थानीय तहको तर्फबाट प्रतिबद्धता गरिएको लागत साझेदारी समेतका सम्बन्धमा अध्ययन सहितको राय प्रतिवेदन कार्यपालिकाको बैठकमा पेश गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (१) बमोजिम देहाय अनुसारको एक अध्ययन समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| वडा अध्यक्ष,वडा नं १० श्री भूपेन्द्र नेउपाने | संयोजक |
| वडा अध्यक्ष वडा नं ३ श्री सिताराम भट्टराई | सदस्य |
| वडा अध्यक्ष वडा नं ११ श्री खगेन्द्र इङनाम | सदस्य |
| कार्यपालिका सदस्य श्री चन्द्रमाया तामाङ्ग | सदस्य |
| लेखा अधिकृत श्री विपिन लम्साल | सदस्य सचिव |

४. **सामुदायिक विद्यालयहरुको लेखा परीक्षक नियुक्ती सम्बन्धमा ।**

अर्जुनधारा नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुको गत दुई आर्थिक वर्षको लेखा परीक्षण हुन बाँकी रहेको सन्दर्भमा नगर कार्यपालिकाको कार्यालयमा सुचिकृत भएका स्वतन्त्र लेखा परीक्षकहरु मध्येबाट विद्यालयहरुले छनौट गरी पठाएका प्राथमिकता क्रम अनुसारको लेखापरीक्षकको विवरणबाट लेखा परीक्षक नियुक्ती गरी लेखा परीक्षणको व्यवस्था मिलाउने निर्णय गरियो ।